धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या १३/०८२/०८३

आज मिति २०८२ साल चैत्र २६ गते, बिहीवार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क्र.सं. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | श्री राजेन्द्र न्यौपाने | का.वा. वडाध्यक्ष | धरान -६ | |
| ३ | श्री सन्तोष राई | " " | " १३ | |
| .४. | श्री शरदरत्न पार्थिव | " " | " -९ | |

मिति २०८२/१२/२६ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकका छलफल र निर्णय भएका विषयहरुः

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिकामा सचिव सहित जम्मा ३० जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

यस अघि मिति २०८२/१०/२९ गते बसेको कार्यपालिकाको वैठकमा जम्मा ९ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरु सबै कार्यान्वयन भएको वैठकमा जानकारी भयो।

३. **नगर सभा सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको १८ औं नगर सभा यहि मिति २०८३-०१-०३ गते, बिहीवार विहान १० बजे आह्वान गर्ने र स्थान सम्बन्धमा कार्यालयबाट तय गरी जानकारी गराउने निर्णय गरियो।

४. **आ.ब. २०८३/०८४ का लागि प्रदेश समपुरक अनुदानमा माग गर्ने योजनाहरु सम्बन्धमा।**

आगामी आ.व. २०८३/०८४ मा प्रदेश समपूरक अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न मिति २०८२/११/२८ को पत्रानुसार तपसिलका आयोजनाहरु माग गरी पठाउने निर्णय गरियो।

| प्राथमिकता नं. | आयोजनाको विवरण | क्षेत्र |
|---|---|---|
| १ | धरान ८ को सभागृह पुनः निर्माण | स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने पर्यटन पूर्वाधार निर्माण |
| २ | धरान ४ को शिवजट्टा जाने बाटो निर्माण | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाजस्ता सेवा केन्द्र र बजार जोड्ने स्थानीय सडक तथा सो अन्तर्गतको सडक पुल |

५. **आ.ब. २०८३/०८४ का लागि तराई मधेस समृद्धि कार्यक्रम आयोजना माग गर्ने सम्बन्धमा।**

आगामी आ.व. २०८३/०८४ मा तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धमा मिति २०८२/११/२५ को पत्रानुसार तपसिलका आयोजनाहरु माग गरी पठाउने निर्णय गरियो।

**तपसिल**

| प्राथमिकता नं. | आयोजनाको विवरण | क्षेत्र |
|---|---|---|
| १ | सर्दुखोला नदी नियन्त्रण, धरान १६/२० | सिंचाई तथा नदी नियन्त्रण |
| २ | कोकाहा खोला नदी नियन्त्रण धरान-२० | |
| ३ | डाग्युर ञीडमा ड्यूङने ल्हाखाङ गुम्बा निर्माण, धरान १५ | सामुदायिक भवन निर्माण |

६. **नगर अस्पताल सञ्चालन गर्ने सम्बन्धमा।**

स्थानीय तहलाई आधारभुत अस्पताल तथा प्राथमिक सेवा केन्द्रबाट प्रथम सेवा विन्दु सञ्चालनका लागि परिपत्र भइसकेको हुँदा स्वास्थ्य सेवा बीमाको प्रथम सेवा विन्दुकोरुपमा दीर्घकालिन गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि यस उपमहानगरपालिकामा प्रथम सेवा विन्दुकोरुपमा सेवा दिने अन्य कुनै सरकारी अस्पताल नभएकोले धरान उपमहानगरपालिकामा बीमाको प्रथम सेवा विन्दुकोरुपमा नगर अस्पताल स्थापना गर्ने सम्बन्धमा विस्तृत छलफल गरियो सो विषयमा थप अध्ययन गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

७. **आयोजना बैंक निर्माण सम्बन्धमा।**

आ.व.२०८३/०८४ का लागि प्रदेशबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको लागि कोशी प्रदेश सरकारको मिति २०८२।१२।०९ मा प्रकाशित सूचना बमोजिम तपसिलका आयोजना/कार्यक्रमहरु निर्धारित समयमानै पेश गर्ने निर्णय गरियो। योजना/कार्यक्रमको लिष्ट प्रमाणित गरी राखिएको छ।

८. **आयोजना सञ्चालन गर्ने सम्बन्धमा।**

**(क)** चालु आ.व.को बजेटमा "नेपाल तामांग घेदुंगको भवन निर्माण तथा भवन मर्मत, धरान १६" शिर्षकमा रु. ४ लाख विनियोजन भएको तर घेदुङको भवन रहेको उक्त जग्गा खहरे खोलाको सार्वजनिक जग्गा रहेको तथा उक्त जग्गामा पहिले नै एक तला भवन निर्माण भईसकेको एवम् उक्त एक तले भवनको मर्मत गरी माथिल्लो तलामा ट्रस लगाउन रु. २१,६९७५९ सम्बन्धित संस्थाले व्यहोर्ने गरी रु. ४,२१,६९७५९ को लागत अनुमान तयार भएकोले उक्त भवनको मर्मत तथा ट्रस लगाउने कार्यको काम अगाडी बढाउने निर्णय गरियो।

**(ख)** चालु आ.व.को बजेटमा "सूर्य टोल विकास संस्था भवन मर्मत धरान १३" शिर्षकमा रु. २ लाख विनियोजन भएको तर

बजेटबाट उक्त भवनको मर्मत गर्नका लागि मात्र बजेट विनियोजन भएको हुदां रु. ४८,८९७।१३ सम्बन्धित संस्थाले व्यहोर्ने गरी रु. २,४८,८९७।१३ को लागत अनुमानमा उक्त भवनको मर्मत गर्ने कामको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**(ग)** चालु आ.व.को बजेटमा "हिमाली शिङसावा भोटिया समाजको अतिथि भवन निर्माण, धरान १५" शिर्षकमा रु. ८ लाख विनियोजन भएकोमा धरान १५, गणतन्त्र वस्ती स्थित हिमाली शिङसावा भोटिया समाजको अतिथि भवन निर्माण गर्ने आयोजना स्थलको जग्गा मिति २०६६।०८।०७ को नगरपालिका वोर्डको निर्णय अनुसार ०-५-०-० (पाँच कट्ठा) जग्गा नगरपालिकाकै स्वामित्वमा रहने गरी हिमाली शिङसावा भोटिया समाज, धरानलाई उपलब्ध गराइएको विवरण नगरपालिकाको मिति २०६६।११।१९ को पत्रमा उल्लेख भएको हुनाले उक्त जग्गामा समाजको अतिथि भवन निर्माण गर्न रु. ९८,८७४।१३ सम्बन्धित समाजले व्यहोर्ने गरी रु. ८,९८,८७४।१३ को लागत अनुमानमा उक्त भवन निर्माणको कार्यको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**(घ)** धरान१६ को लोकतान्त्रिक सामुदायिक भवनको शौचालय निर्माणका लागि रु. ४,९८,१४०.१२ रकम बिनियोजन भएकोले सो निर्माण गर्न प्रस्ताब गरिएको जग्गा सार्बजनिक रहेको र सार्बजनिक प्रयोजनको लागि उक्त स्थानमा शौचालय निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**(ङ)** शहिद स्मृति भवनको स्तोरन्नती धरान– १४ शिर्षकको योजनाका लागि रु. १० लाख बजेट बिनियोजन भएकोमा उक्त निर्माण स्थल सार्बजनिक स्थल रहेको र उक्त स्थलमा २ तले भवन बनि प्रयोगमै आई सकेकोले सो स्थलमा उक्त भवनको स्तरोन्नतीका लागि रु. १,१९,२००.६२ सम्बन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि कुल रु. ११,१९,२००.६२ को लागत अनुमानमा उक्त भवनको स्तरोन्नति गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**(च)** धरान ११ स्थित सेतो गुँरास नमूना बाल विकास केन्द्रको भवन निर्माण गर्नका लागि रातो किताबको पेज नं.: ४९, सि.नं. ८, ९ मा उल्लिखित कार्यालय/भवनहरुको मर्मत खर्च, धरान-१२ अन्य पूर्वाधार शिर्षकमा विनियोजित बजेटबाट रु. १,५०,०००।०० खर्च गर्ने गरी उक्त भवन निर्माण गर्ने स्थल सार्वजनिक जग्गा भएको र उक्त जग्गामा केन्द्रको एक तले भवन बनिसकेको हुनाले रु. ३८,३६१।४७ सम्बन्धित बाल विकास केन्द्रले व्यहोर्ने गरी रु. १,८८,३६१।४७ को कुल लागत अनुमानमा उक्त निर्मित भवनको वाल प्लाष्टर र रंगरोगन गर्ने कार्यको प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**(छ)** धरान १७ स्थित दलित सेवा संघको भवन निर्माण गर्न चालु आ.व. २०८२/०८३ को बजेटमा रु. ३,५०,०००।०० विनियोजन भएको र उक्त भवन रहेको जग्गा मिति २०८०।०६।१५ को कार्यपालिका बैठकको निर्णय नं. ७ बमोजिम यस अघि नै उक्त जग्गामा टहरा बनिसकेको र सोही जग्गाको घेराबारा गर्न रु. ८८,०१६।४४ सम्बन्धित संघले व्यहोर्ने गरी रु. ४,३८,०१६।४४ को कुल लागत अनुमानमा घेराबारा गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

९. <u>ट्रयाल सेन्टर सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकाका नागरिकहरुले सवारी चालक अनुमति पत्र यातायात व्यवस्था कार्यालय, ईटहरीबाट प्राप्त गर्नुपर्ने व्यवस्था भएको र सावरी चालक अनुमति पत्र प्राप्त गर्ने प्रकृया अन्तर्गत ट्रायलका लागि मोरङ्ग स्थित सुन्दरहरैचा नगरपालिका जानु पर्ने अवस्था रहेकोले धरानमा नै ट्रायल हुने व्यवस्थाका लागि धरान क्षेत्र भित्रको जग्गा व्यवस्थापन गरी सवारी साधन ट्रायलको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन भनि सुनसरी उद्योग वाणिज्य संघबाट अनुरोध भई आएकोमा धरानमा २(दुई) दशक अघि सवारी चालक अनुमति पत्रका लागि ट्रायल हुने गरेको विषयको स्मरण गर्दै धरानका आम नागरिकहरुको सहजताका लागि धरान-१७ को कुनै उपयुक्त जग्गाको खोज गरी ७ दिन भित्रमा प्रतिवेदन पेश गर्न तपसिल अनुसारको समिति बनाउने र समितिको प्रतिवेदनका आधारमा थप निर्णय गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

संयोजक- नरेश इवारम, वडाध्यक्ष, वडा नं १५<br>
सदस्य- नरेन्द्र कुमार राई, वडाध्यक्ष, वडा नं १८<br>
सदस्य- लोकेन्द्र कुमार फागो, वडाध्यक्ष, वडा नं ११<br>
सदस्य- कृष्ण प्रसाद भट्टराई, वडाध्यक्ष, वडा नं १४<br>
सदस्य- मनिष विष्ट, का.वा. वडाध्यक्ष, वडा नं १७<br>
सदस्य- रविन गुरुङ, कार्यपालिका सदस्य, धरान ११<br>
सदस्य सचिव- वेद प्रसाद सापकोटा, अधिकृत आठौं तह

१०. **७० वर्ष माथि उमेर भएका ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकहरुको निशुल्क उपचार सम्बन्धमा।**

धरान उपमहानगरपालिका क्षेत्र भित्र स्थायी ठेगाना भई बसोवास गर्नुहुने ७० वर्ष माथि उमेर भएका ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकहरुको ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचय पत्रको आधारमा घरघर मै गई स्वास्थ्य परीक्षणका साथै उपचारको व्यवस्था गर्न ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुसँग नगर सरकार कार्यक्रम आयोजना सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

११. **जेसी अडिटको प्रतिवेदन सम्बन्धमा।**

आर्थिक वर्ष २०८१/०८२ को यस उपमहानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने जिम्मेवारी पाएका पहली टेक्नोलोजी इन्सिटियुजले पेश गरेको जेसी अडिट प्रतिवेदन आजको वैठकमा पेश भई छलफल गरियो। प्रतिवेदनमा दिएका सुझावहरु आगामी दिनमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो। साथै उक्त प्रतिवेदन यस कार्यालयको वेभसाइटमा राखिएको छ।

१२. **शव-वहान र एम्बुलेन्स खरिद सम्बन्धमा।**

धरान उपमहानगरपालिकामा हाल नगर मातहतमा धेरै स्वास्थ्य संस्थाहरु रहेकाले स्वास्थ्य सम्बन्धी सुविधालाई अझ बढी प्रभावकारी बनाउनका लागि एम्बुलेन्स आवश्यक रहेको तथा मृत्यु भएका शवहरु दाहसंस्कार स्थलसम्म लैजानका लागि शव-वहानको समेत आवश्यक रहेकोले न्यूनवर्गका आम नगरवासीहरुको सेवाका लागि एम्बुलेन्स तथा शव वाहन खरिदका लागि थप अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

१३. **बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७५ संशोधन सम्बन्धमा।**

यस उपमहानगरपालिकाबाट २०७५ सालमा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७५ बनाई लागु गरिएकोमा हाल नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र कार्यविधि समेत जारी गरी कार्यान्वयनमा रहेको हुँदा उक्त कार्यविधिसँग नगरपालिकाले बनाएको कार्यविधि अनुसार बाझिएका विषयहरुलाई आवश्यक परिमार्जन गर्न आवश्यक भएकाले सम्बन्धित महाशाखाबाट संशोधनका लागि प्रशताव तयार परी कानून तर्जुमा मस्यौदा समितिमा समेत छलफल भई स्वीकृतीका लागि पेश भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७५ संशोधन स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत गरिएको संशोधन प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

१४. **अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समुहको विउपुँजी सञ्चालन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका क्षेत्रमा रहेको अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समुहहरु गठन गरिएको र त्यस्ता अपाङ्गता भएका व्यक्तिहरुलाई स्वरोजगार बनाउन विउपुँजी उपलब्ध गराउनु पर्ने भएकाले त्यस्तो बिउपुँजी वितरण तथा सञ्चालन गर्न सम्बन्धित महाशाखाबाट तयार भई कानून तर्जुमा मस्यौदा समितिमा छलफल तथा सिफारिस भएको अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समुहको विउपुँजी सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। उक्त कार्यविधि छुट्टै प्रमाणित गरी राखिएको छ।

१५. **बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि-२०८२ सम्बन्धमा।**

धरान उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि विभिन्न बालमैत्री क्रियाकलापहरु भईरहेको र वडाहरुमा प्राय बालमैत्री घोषणा भई सकेको अवस्थामा कोशी प्रदेश सरकारबाट बाल अधिकार संरक्षण ऐन जारी भएको र उक्त ऐनमा साथै बालमैत्री स्थानीय शासनका सूचकहरु मध्ये १ वटा सूचक समेत बालअधिकार संरक्षण समिति गठन गरी बाल अधिकार संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने व्यवस्था भएकोले सो प्रयोजनका लागि सम्बन्धित महाशाखाबाट तयार भई कानून तर्जुमा मस्यौदा समितिमा छलफल तथा सिफारिस भएको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि-२०८२ स्वीकृत गर्ने निर्णय गरियो। उक्त कार्यविधि छुट्टै प्रमाणित गरी राखिएको छ।

१६. **बस पार्क सञ्चालन कार्यविधि सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ८ स्थित तिनकुने सुन्दरवस्ती जग्गा विकास आयोजना क्षेत्रमा धरान उपमहानगरपालिकाबाट निर्मित नयाँ धरान स्मार्ट वसपार्कलाई व्यवस्थितरुपमा सञ्चालन गर्नका लागि सम्बन्धित महाशाखाबाट तयार भई कानून तर्जुमा मस्यौदा समितिमा छलफल तथा सिफारिस भएको बस पार्क सञ्चालन कार्यविधिको बसपार्क सञ्चालन तथा व्यवस्थापन समितिमा नगर प्रमुख संरक्षक तथा उपप्रमुख संयोजक र सदस्यमा कार्यपालिका सदस्य/वडा अध्यक्ष- मध्येबाट कार्यपालिकाले तोकेको ५ जनाको स्थानमा ८ जना राखि संशोधन सहित बस पार्क सञ्चालन कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत कार्यविधि छुट्टै प्रमाणित गरी राखिएको छ।

आजको वैठक भोली मिति २०८२ चैत्र २७ गते शुक्रवार दिनको १ बजे बस्ने गरी स्थगीत भएको वैठकमा जानकारी भयो।